सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

# स्वतः प्रकाशन

२०८० माघ - चैत्र

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**केन्द्रीय आयोजना कार्यान्वयन इकाइ**

ज्ञानेश्वर, काठमाडौं

नेपालको संविधानले नागरिकहरुमा सूचनाको हक प्रत्याभूत गरेको छ । सूचनाको हकको कार्यान्वयनको लागि सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरुको विवरण ३/३ महिनामा प्रकाशित गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ ।

यस केन्द्रीय आयोजना कार्यान्वयन इकाइले चालु आव २०८०/८१ को माघ देखि चैत्रसम्म गरेका प्रमुख कार्यहरुको विवरण सवै सरोकारीतहरुको लागि स्वतः प्रकाशन गरिएको छ ।

मितिः २०८१/२/११

**केन्द्रीय आयोजना कार्यान्वयन इकाइ**

ज्ञानेश्वर, काठमाडौं।

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

केन्द्रीय आयोजना कार्यान्वयन इकाइ

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

स्वतः प्रकाशन

**अवधिः२०८० माघ देखि २०८० चैत्र मसान्तसम्म**

## १.परिचय

वि.स. २०७२ साल बैशाख १२ गतेको विनाशकारी भूकम्प र त्यसपछिका पराकम्पहरुका कारणले क्षतिग्रस्त भएका सामुदायिक विद्यालयहरुको पूनर्निर्माण कार्यलाई अभियानको रुपमा सञ्चालन गर्ने अभिप्रायले वि.स. २०७२ फाल्गुण १७ गते शिक्षा मन्त्रालय अन्तर्गत केन्द्रीय आयोजना कार्यान्वयन इकाइ स्थापना भएको थियो । मुलुक संघीय संरचनामा गइसकेपछि सरकारका विभिन्न तहको संगठनात्मक संरचनामा समायोजन गर्नुपर्ने र राष्ट्रिय पूनर्निर्माण प्राधिकरणको पनि संगठनात्मक संरचनामा परिवर्तन गरी भइरहेको पूनर्निर्माण कार्यलाई प्रभावकारी रुपमा थप तिब्रता दिन केन्द्रीय र जिल्लास्तरीय आयोजना कार्यान्वयन इकाइहरु प्राधिकरण मातहत रहने गरी राष्ट्रीय पूनर्निर्माण प्राधिकरण, निर्देशक समितिको २०७४ चैत्र २० को १२ औं बैठकले निर्णय गरे पश्चात यस इकाइ प्राधिकरणको मातहतमा रही आफ्ना कार्यहरुलाई अगाडी बढाई रहेकोमा वि.स. २०७८ पौष १० मा राष्ट्रिय पूनर्निर्माण प्राधिकरणको अवधि समाप्त भई २०७८ आश्विन १ देखि केन्द्रीय आयोजना कार्यान्वयन इकाइको बाँकी काम, सम्पत्ति र दायित्व समेत शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा हस्तान्तरण भई हाल इकाइ मन्त्रालय मातहतको विभागीय कार्यालयको रुपमा संचालनमा रहेको छ ।

वि.स.२०७२ सालको भूकम्पले क्षतिग्रस्त सामुदायिक विद्यालयहरूको योजनाबद्ध रूपमा पूनर्निर्माण कार्य सम्पन्न गर्न विद्यालय पूनर्निर्माण कार्यविधि, २०७३ जारी गरी विद्यालय पूनर्निर्माण मुख्यतः निम्न तीन ढाँचाबाट भइरहेको छ ।

### १. विद्यालय पूनर्निर्माण ढाँचाहरू

क. **विद्यालय व्यवस्थापन समितिबाट विद्यालय पूनर्निर्माण** (विद्यालय पूनर्निर्माण कार्यविधि २०७३ को दफा (३) अनुसार)

राज्यसँग रहेको सीमित स्रोतको समुचित व्यवस्थापन र उपयोग गर्दै क्रमिक रूपमा विद्यालयहरू पूनर्निर्माण गर्नुपर्ने अवस्था एकातिर रहेको छ भने अर्को तर्फ विद्यालय पूनर्निर्माण स्थानीय समुदाय र अभिभावकको सहभागिता गराउन सकेमा जवाफदेहीता तथा जिम्मेबारी बढी समयमै गुणस्तरीय विद्यालय

पूनर्निर्माण हुन सक्ने देखी विद्यालय व्यवस्थापन समितिबाट विद्यालय पूनर्निर्माण गर्ने कार्यक्रम राखिएको थियो । करिब ७५ प्रतिशत विद्यालयहरू यस ढाँचाबाट निर्माण हुने अपेक्षा रहेको थियो ।

यस कार्यक्रम अन्तर्गत विद्यालय व्यवस्थापन समितिबाट २ कोठे, ३ कोठे, ४ कोठे, ६ कोठे र ८ कोठे विद्यालय भवन गरी जम्मा ६०१० वटा विद्यालय भवन पूनर्निर्माण सम्पन्न भएका छन्।

**ख. विकास साझेदारहरूसँग भएको सम्झौता बमोजिम निर्माण व्यावसायी (टेण्डरबाट) मार्फत विद्यालय पूनर्निर्माण कार्य (विद्यालय पूनर्निर्माण कार्यविधि २०७३ को दफा (५) अनुसार)**

भूकम्पपश्चात् पूनर्निर्माण हुने विद्यालयहरूको पूनर्निर्माणका लागि विभिन्न विकास साझेदारहरू खासगरी एशियाली विकास बैंक र जापान सरकारसँग भएको द्विपक्षीय सम्झौता बमोजिम खरिद योजना तयार गरी बोलपत्रको माध्यमबाट योग्य निर्माण व्यावसायीहरू छनोट गरी निर्माण कार्य अघि बढाउँदै आइएको छ । करिब १५ देखि २० महिनाभित्र निर्माण कार्य सम्पन्न गर्ने शर्तमा निर्माण व्यवसायीहरूसँग सम्झौता गरिन्छ ।यस ढाँचा अन्तर्गत देहायअनुसारका आयोजनाहरू सञ्चालन भइरहेका छन्ः

**क. भूकम्प आपत्कालिन सहायता परियोजना (Earthquake Emergency Assistance Project, EEAP)**

यस अन्तर्गत भुकम्प अती प्रभावित १४ जिल्लामध्ये ८ वटा जिल्ला काभ्रेपलाञ्चोक, रामेछाप, सिन्धुली, काठमाडौं, दोलखा, भक्तपुर, सिन्धुपाल्चोक, ओखलढुङ्गामा विद्यालय पूनर्निर्माणको काम सञ्चालन गरिरहेको छ । यस बाहेक अमेरिको सहयोग नियोग (USAID) र जापान सरकारको (Japanese Fund for Poverty Reduction (JFPR) को अनुदान सहयोगको रकम पनि एशियाली विकास बैंक मार्फत नै सञ्चालन भएको छ ।यी सबै परियोजनाबाट १६२ विद्यालय निर्माण कार्य सञ्चालन गर्ने लक्ष्य रहेकोमा सम्पूर्ण निर्माण सम्पन्न भैसकेका छन् ।

**ख. विपद् प्रतिरोधी विद्यालय पूनर्निर्माण आयोजना (Disaster Resilient Schools Project, DRSP)**

नेपाल सरकारको स्रोत तथा एशियाली विकास बैंकको ऋण सहयोगमा यो आयोजना भूकम्प प्रभावित १४ जिल्लाहरुमा भत्केका विद्यालय भवनहरुको पूनर्निर्माण र कमजोर विद्यालय भवनहरुको रेट्रोफिटिङ (सबलीकरण) गर्ने मुख्य उद्देश्य रहेको छ । यस आयोजनाबाट २०६ विद्यालय पूनर्निर्माण तथा १४१ विद्यालय सबलीकरण गर्ने लक्ष्य रहेकोमा यस अन्तर्गत हाल १६५ बटा विद्यालयहरु निर्माण सम्पन्न र ४१ वटा निर्माणाधिन रहेका छन्। १४१ वटै विद्यालयहरु सबलीकरणको कार्य सम्पन्न भैसकेका छन्।

**ग. आपतकालीन विद्यालय पूनर्निर्माण आयोजना (Emergency School Reconstruction Project, ESRP)**

भूकम्पबाट क्षतिग्रस्त विद्यालयहरूलाइ पुनःनिर्माण गर्न नेपाल सरकार र जापान सरकारबीचको ऋण सम्झौताबाट Emergency School Reconstruction Project (ESRP) आयोजना सञ्चायलनमा छ । जापान सरकारले जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) मार्फत उपलव्ध गराउने ऋण सहयोगमा भूकम्प प्रभावित गोरखा, धादिङ, रसुवा, नुवाकोट, मकवानपुर र ललितपुर गरी ६ ओटा जिल्लामा जम्मा २७४ विद्यालय पूनर्निर्माण गर्ने लक्ष्य रहेकोमा लक्ष्य अनुसार नै सम्पूर्ण निर्माण सम्पन्न भै सकेका छन् ।

### घ. भारत सरकारको सहयोगबाट विद्यालय पूनर्निर्माण

भारत सरकारको अनुदान सहयोगमा गोरखा, धादिङ, नुवाकोट, सिन्धुपाल्चोक, काभ्रेपलान्चोक, दोलखा र रामेछाप गरी सात जिल्लामा गरी ७१ विद्यालयहरु निर्माण सम्पन्न भै छन् ।

### ङ. चीन सरकारको सहयोगबाट विद्यालय पूनर्निर्माण

चीन सरकारको अनुदान सहयोगमा काठमाडौं, रसुवा, सिन्धुपाल्चोक र दोलखा जिल्लामा गरी टर्न कि प्रोजेक्ट मोडालिटीमा निर्माण हुने ९ वटा विद्यालय मध्ये ६ वटा निर्माण सम्पन्न भै हस्तान्तरण समेत भैसकेका छन्। दोलखा १ वटा र सिन्धुपाल्चोक २ वटा गरी ३ वटा विद्यालय निर्माणाधिन रहेका छन्।

## ग. गैरसरकारी संस्थामार्फत विद्यालय पूनर्निर्माण

राष्ट्रिय पूनर्निर्माण प्राधिकरणबाट स्वीकृत गैरसरकारी संस्था परिचालन कार्यबिधी २०७२ को अनुसूची १ बमोजिमको ढाँचामा परियोजना प्रस्ताव पेश गरी राष्ट्रिय पूनर्निर्माण प्राधिकरण, केन्द्रीय आयोजना कार्यान्वयन इकाइ (शिक्षा) र सम्बन्धित दाता ब्यक्ति । गैर सरकारी संस्था बीचमा त्रिपक्षीय सम्झौता गरी विद्यालय पूनर्निर्माणमा कार्य गर्ने गर्दछन् । विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ संस्था, निकाय र व्यक्तिहरूले विद्यालयहरूको पूनर्निर्माणमा हातेमालो गरिरहेका छन् । सम्बन्धित संस्था, राष्ट्रिय पूनर्निर्माण प्राधिकरण र केन्द्रीय आयोजना कार्यान्वयन इकाइ विच त्रिपक्षिय सम्झौता भई विद्यालयहरू पूनर्निर्माणको कार्य सञ्चालित छन् । हाल सम्म २१ जिल्लाका ७८९ विद्यालय निर्माण सम्पन्न भैसकेका । ४ वटा निर्माणाधिन अवस्थामा रहेका छन्।

यसरी वि.स. २०७२ को भूकम्पबाट क्षतिपुगेका ७६७७ वटा सामुदायिक विद्यालयहरु मध्ये हालसम्म ७६४० निर्माण सम्पन्न भैसकेका र ३७ वटा निर्माणधिन अवस्थामा रहेका छन्। पूनर्निर्माणकै कार्य अन्तरगत ३४५९ बटा शौचालय र २१७० वटा खानेपानीको निर्माणको कार्य सम्पन्न भै सकेका छन् । भूकम्पबाट क्षतिग्रस्त त्रिविविका ३९ बटा आङ्गिक क्याम्पसको निर्माणको कार्यको डिपिआर तयार भएतापनि स्रोत प्राप्तिको सुनिश्चितता नभए कारणले अगाडि वढ्न नसकेको अवस्था रहेको छ ।

**पूनर्निर्माण कार्यको हाल सम्मको प्रगतिः**

| क्र.स. | विवरण | निर्माण सम्पन्न | निर्माणाधिन | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १. | वि.व्य. स. मार्फत | ६०१० | ० | ६०१० | |
| २. | निर्माण व्यवसायी मार्फत | ८४१ | ३३ | ८७४ | |
| ३. | गैर सरकारी संघ संस्था मार्फत | ७८९ | ४ | ७९३ | |
| | जम्मा | ७६४० | ३७ | ७६७७ | |
| ४. | शौचालय | ३४५९ | ० | ३४५९ | |
| ५. | खानेपानी | २१७० | ० | २१७० | |

**विभिन्न आयोजनाहरु मार्फत गरिएका पूनर्निर्माण गतिविधिहरुः**

| आयोजनाको नाम | कार्य गर्ने जिल्ला/संस्था | लक्ष्य | श्रोत | हालसम्मको प्रगति | प्रगति प्रतिशत | कार्य सम्पादन |
|---|---|---|---|---|---|---|
| EEAP | ८ | १५४ | एडीबी ऋण | समाप्त | १०० | |
| JFPR | ८ | ८ | जापान सरकार अनुदान | समाप्त | १०० | |
| ESRP | ६ | २७४ | जापान सरकार ऋण | समाप्त | १०० | ०७९/८० |
| DRSP Recon | १४ | २०६ | एडिबी ऋण र अनुदान | १६५ समाप्त ४१ निर्माणाधीन | ९१ | ०८०/८१ |
| DRSP Retro | | १४१ | | सम्पन्न | १०० % | ०८०/८१ |
| भारत सरकार | ८ | ७१ | भारत सरकार अनुदान | सम्पन्न | १०० % | ०८०/८१ |
| India Exim Bank | १४ | ३९ TU Campus | भारत सरकार ऋण | DPR अन्तिम चरणमा | ८५ % मा DPR | ०८०/८१ |
| Saudi Fund | ८ | २५ | साउदी सरकार ऋण | २४ समाप्त १ निर्माणाधीन | ९५ | ०८०/८१ |

**वि.स. २०७२ को गोरखा भूकम्पको अनुभवबाट पाठ सिक्दै** पूनर्निर्माण गर्दा Build Back Better को विश्वव्यापी अवधारणालाई आत्मसाथ गरी विद्यालय भवन एवम् भौतिक पूर्वाधारहरू बालमैत्री, वातावरण मैत्री, लैगिक मैत्री र विपद् प्रतिरोधी निर्माण गरिएको छ । **वि.स. २०७२ को गोरखा भूकम्पको क्षति पुगेका विद्यालयको पूनर्निर्माणको कार्य अन्तिम चरणमा रहेकोमा** नेपाल सरकारको २०८० माघ २५ को निर्णयानुसार वि. स. २०८० को जाजरकोट तथा बझाङ भूकम्पबाट क्षति पुगेका सामुदायिक विद्यालयको पूनर्निर्माणको लागि १५ वटा जिल्ला कार्य क्षेत्र विस्तार भएको छ ।साथै मन्त्रालयको नीतिगत मार्गनिर्देशन एवम् उपलब्ध स्रोत अनुरुप विद्यार्थी संख्याको चाप उच्च भएका ११३ विद्यालय मध्ये २७ वटा विद्यालय भौतिक पूर्वाधार विकासको कार्य प्रकिया अगाडि बढाइएको छ ।

## २. सोच, उद्देश्य र रणनीतिः

I. **सोचः**

सुदृढ, सुरक्षित र बाल एवम् अपांगमैत्री र विपद् उत्थानशील शौक्षिक संस्थाको भौतिक पूर्वाधार विकास ।

## II. उद्देश्यः

- भूकम्पबाट क्षतिग्रस्त सामुदायिक विद्यालयहरूको क्षतिको अभिलेख र पूनर्निर्माणको आवश्यकता अद्यावधिक गर्दै पूनर्निर्माणको योजना तर्जुमा गर्नु,
- सबै प्रकारका विपद् प्रतिरोधक र अझ सुदृढ भौतिक संरचना तयार हुने गरी विद्यालयहरूको पुनर्निमाण र प्रवलीकरण सञ्चालन गर्नु,
- विद्यालय पूनर्निर्माणको अभियानमा योगदान गर्ने दाताहरू, सङ्घ संस्थाहरू र विभिन्न साझेदारहरूबिच सञ्चार, समन्वय गरी विद्यालय पूनर्निर्माण कार्यको लागि नेतृत्वदायी भूमिका निर्वाह गर्नु,
- नेपाल सरकार र विभिन्न दातृ निकायबिच भएका विद्यालय पुर्निनर्माण सम्बन्धी सम्झौता अनुसारका आयोजनाहरू कार्यान्वयन गर्नु,
- विद्यालय पूनर्निर्माण कार्यमा गुणस्तरीयता कायम गर्न अनुगमन, सुपरीवेक्षण गर्नु,

## III. रणनीतिः

- विद्यालय क्षेत्रको पूनर्निर्माणका लागि विभिन्न क्षेत्रसँग सहकार्य गरी विकास साझेदारहरू, मानवतावादी सङ्घ संस्थाहरू एवम् व्यक्तिहरू तथा सबै सरकारी तथा गैरसरकारी निकायहरूको सहयोग विद्यालय पूनर्निर्माण कार्यको कार्य गर्ने ।
- पूनर्निर्माण गर्दा Build Back Better को विश्वव्यापी अवधारणालाई आत्मसाथ गरी विद्यालय भवन एवम् भौतिक पूर्वाधारहरू बालमैत्री, वातावरण मैत्री, लैगिक मैत्री र विपद् प्रतिरोधी बनाउने नीति प्रभावकारी रूपले लागू गर्ने ।
- नेपाल राष्ट्रिय भवन निर्माण संहिता एवम् भवन निर्माण सम्बन्धी प्रचलित मापदण्डहरू पूर्णपालना हुने गरी गुणस्तरयुक्त विधि एवम् प्रणाली अनुसार पूनर्निर्माण कार्य सम्पन्न गर्ने ।
- पूनर्निर्माण कार्यमा स्थानीय जनताको अपनत्व बढाउन विद्यालय परिवार (विद्यालय व्यवस्थापन समिति, विद्यार्थी, अभिभावक, शिक्षक आदिको) प्रभावकारी रूपमा परिचालिन गरी पारदर्शी ढङ्गले पूनर्निर्माण गतिविधिहरू सञ्चालन गर्ने ।
- पूनर्निर्माण कार्यलाई व्यवस्थित, योजनाबद्ध एवम् प्रभावकारी ढङ्गले अगाडि बढाउन संरचनागत व्यवस्थाको साथसाथै दक्ष कर्मचारीहरूको व्यवस्थापन एवम् क्षमता विकास कार्यक्रम गर्ने ।
- पूनर्निर्माण गर्दा सकेसम्म स्थानीय सामग्री एवम् प्रविधिको उच्चतम प्रयोग गर्ने ।

## ३. संगठन संरचना,शाखागत कार्य विवरण र कर्मचारी विवरणः

### i. संगठन संरचनाः

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**केन्द्रीय आयोजना कार्यान्वयन इकाइ, ज्ञानेश्वर**

**आयोजना निर्देशक (रा.प. प्रथम, शिक्षा सेवा)-१**

(कम्प्युटर अपरेटर (रा.प.अनं.प्रथम) - १

हलुका सवारी चालक-१

कार्यालय सहयोगी (श्रेणी विहीन) -१ )

जम्मा संख्या - ४

**<u>योजना तथा जनशक्ति व्यवस्थापन शाखा</u>**

उपसचिव (रा.प.द्वि., शिक्षा सेवा)-१

शाखा अधिकृत (रा.प.तृ., प्रशासन/सा.प्र.)-१

शाखा अधिकृत(रा.प.तृ., शिक्षा सेवा)- १

नायब सुब्बा (रा.प.अनं.प्रथम, प्रशासन/सा.प्र)-१

कम्प्युटर अपरेटर (रा.प.अनं.प्रथम) - २

हलुका सवारी चालक (श्रेणी विहीन) — १

कार्यालय सहयोगी (श्रेणी विहीन) — १

पालो पहरा (श्रेणीविहीन) - १

जम्मा संख्या — ९

**<u>आर्थिक प्रशासन शाखा</u>**

उपसचिव ( रा. प. द्वितीय, प्रशासन /लेखा)- १

लेखा अधिकृत (रा.प.तृ., प्रशासन/लेखा ) - १

लेखापाल (रा.प.अनं. प्रथम, प्रशासन/लेखा) - १

कम्प्युटर अपरेटर (रा.प.अनं.प्रथम) - १

हलुका सवारी चालक (श्रेणी विहीन) - १

कार्यलय सहयोगी (श्रेणी विहीन) - १

जम्मा संख्या - ६

**<u>विद्यालय निर्माण शाखा</u>**

( रा.प .द्वितीय/सिडिइ (सिभिल, बि एण्ड आ.) -१

इन्जिनियर (रा.प.तृ., सिभिल, बि एण्ड आ) -६

कम्युटर अपरेटर (रा.प.अनं.प्रथम) - १

हलुका सवारी चालक (श्रेणी विहीन) -१

कार्यालय सहयोगी (श्रेणी विहीन) -१

जम्मा संख्या - १०

**विवरणः**

आयोजना निर्देशक (रा. प. प्रथम, शिक्षा सेवा)-१

आयोजना उप निर्देशक ( रा.प .द्वितीय/सि.डि.इ. (सिभिल, बि एण्ड आ.) -१

उपसचिव (रा.प.द्वि., शिक्षा सेवा)-१

प्रमुख लेखा नियन्त्रक (रा. प. द्वितीय, प्रशासन /लेखा)- १

शाखा अधिकृत (रा.प.तृ., प्रशासन)-१

लेखा अधिकृत (रा.प.तृ., प्रशासन/लेखा ) - १

शाखा अधिकृत(रा.प.तृ., शिक्षा सेवा)- १

इन्जिनियर (रा.प.तृ., सिभिल, बि एण्ड आ) -६

नायब सुब्बा (रा.प.अनं.प्रथम, प्रशासन)-१

लेखापाल (रा.प.अनं. प्रथम, प्रशासन/लेखा) - १

कम्प्युटर अपरेटर (रा.प.अनं.प्रथम/करार) - ५

हलुका सवारी चालक (श्रेणीविहिन) — ४

कार्यालय सहयोगी (श्रेणीविहिन) — ४

पालो पहरा (श्रेणीविहिन) - १

**जम्मा - २९**

**ii. शाखागत कार्य विवरणः**

## क. विद्यालय पूनर्निर्माण शाखा

- भूकम्पबाट भएको सामुदायिक विद्यालयहरुको क्षतिको अभिलेख र पूनर्निर्माणको आवश्यकता अध्यावधिक गर्दै पूनर्निर्माणको योजना तर्जुमा गर्ने ।
- प्राकृतिक विपद् प्रतिरोधक र अझ सुदृढ भौतिक संरचना तयार हुने गरी विद्यालयहरुको पूनर्निर्माण र प्रवलीकरण सञ्चालन गर्ने ।
- विद्यलाय पूनर्निर्माणको अभियानमा योगदान गर्ने दाताहरु, संघ संस्थाहरु र विभिन्न साझेदारहरु बिच सञ्चार, समन्वय गरी विद्यालय पूनर्निर्माणक्ष कार्यको लागि नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।
- नेपाल सरकार र विभिन्न दातृ निर्मायिबिच भएका विद्यालय पूनर्निर्माण सम्बन्धी सम्झौता अनुसारका आयोजनाहरु कार्यान्वयन गर्ने ।
- परामर्शदाताबाट पेश भएका विद्यालयहरुको लागत अनुमान चेकजाँच गरी स्वीकृतीका लागि पेश गर्ने ।
- विद्यालय पूनर्निर्माण कार्यको निरन्तर अनूगमन गर्ने निर्धारित मापदण्ड गुणस्तर र प्रक्रियाबाट निर्माण कार्य गर्न सम्बन्धित व्यक्ति, समुदाय, संघसंस्था र ठेकदारलाई निर्देशन दिने तथा निरन्तर पृष्ठपोषण प्रदान गर्ने ।
- विद्यालयको पूनर्निर्माणको काममा कुनै समस्या उत्पन्न भएमा निर्माण कार्य रोक्ने निर्धारित गुणस्तर मापदण्ड अनुशरण भएको नपाइएमा सम्बन्धित पक्षलाई कारवाही गर्ने ।

- विद्यालय पूनर्निर्माणसँग सम्बन्धित सरकारी निकाय एवम् सम्बन्धित सरोकारवाला विच समन्वय गर्ने ।
- जोखिममुक्त विद्यालय संरचना भनी प्रविधिक कर्मचारीबाट एकिन भएका विद्यालय भौतिक संरचनाहरु भत्काउन निर्णय लिनु वा स्वीकृत दिने ।
- केन्द्रीय आयोजना कार्यानवयन इकाइ र शिक्षा विकास तथा समन्वय इकाइमा कार्यरत कर्मचारीहरुको क्षमता विकासको योजना बनाई कार्यक्रम संचालन गर्ने ।
- विद्यालयको पूनर्निर्माणको क्षेत्रमा भएको आर्थिक तथा भौतिक प्रगतिको समिक्षा गर्ने विवरण राख्ने र निरन्तर रुपमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा प्रगति विवरण पेश गर्ने ।
- केन्द्रीय आयोजना कार्यानवयन इकाइ र शिक्षा विकास तथा समन्वय इकाइमा कार्यरत प्राविधिक कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन गर्ने पुरस्कृकत गर्ने पुरस्कारका लागि सिफारिस गर्ने र कारबाही गर्ने ।
- शिक्षा विकास तथा समन्वय इकाइहरुमा  स्वीकृत दरबन्दीका आधारमा पदपूर्तीको व्यवस्थापन गर्ने कार्य सम्पादन मूल्याङ्कनका आधारमा म्याद थप गर्ने नगर्ने निर्णय लिने इकाइहरु अन्तर्गत कार्यरत कर्मचारीहरुको काज र सरुवा व्यवस्थापन गर्ने ।
- विद्यालय पूनर्निर्माणको कार्यलाई प्रभावकारी रुपमा संचालन गर्न केन्द्रीय आयोजना कार्यानवयन इकाइ र शिक्षा विकास तथा समन्वय इकाइहरुमा आवश्यकता अनुसार प्राविधिक र समन्वय समितिहरु गठन गरी जिम्मेवारी तोक्ने ।
- विद्यालय पूनर्निर्माण सम्बन्धी अन्य कार्य गराउने ।
- विद्यालय पूनर्निर्माणसँग सम्बन्धित आयोजना संचालन गर्ने ।
- भूकम्प पश्चात गरिने विद्यालयहरुको पूनर्निर्माणको लागि खरिद कार्य गर्ने ।
- खरिद गुरुयोजना बनाउने, बोलपत्रका कागजात तयार गर्ने ।
- बोलपत्र आवह्वानको सूचना प्रकाशनको कारबाही अगाडी बढाउने ।
- बोलपत्रहरुको मूल्याङ्कन गरी बोलपत्र मूल्याङ्कन प्रतिवेदन तयार गर्ने ।
- ठेक्का सम्झौताका कागजात तयार गर्ने ।
- विद्यालय पूनर्निर्माण कार्यहरुसँग सम्बन्धित प्राप्त विल चेकजाँच गरी भुक्तानीका लागी पेश गर्ने ।
- जिल्लास्तरमा संचालित विद्यालय पूनर्निर्माण कार्यमा गुणस्तरीयता कायम गर्न अनुगमन, सुपरिवेक्षण गर्ने ।

- भूकम्पबाट भएको सामुदायिक विद्यालयहरु क्षतिको अभिलेख र पूनर्निर्माणको आवश्यकता अध्यावधिक गर्दै पूनर्निर्माणको योजना तर्जुमा गर्ने ।
- विद्यालय पूनर्निर्माण अभियानमा योगदान गर्ने दाताहरु संघसंस्थाहरु र विभिन्न साझेदारहरु बिच संचार समन्वय गरी विद्यालय पूनर्निर्माण कार्यको लागि नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।
- नेपाल सरकार र विभिन्न दातृनिकाय बिच भएका विद्यालय पूनर्निर्माण सम्बन्धी सम्झौता अनुसारको आयोजनाहरु कार्यान्वयन गर्ने ।
- प्राकृतिक विपद् प्रतिरोधक र अझ सुदृढ भौतिक संरचना तयार हुने विद्यालयहरुको पूनर्निर्माण र प्रवलीकरण संचालन गर्ने ।
- परामर्शदाताबाट पेश भएका विद्यालयहरुको डिजाइन तथा लागत अनुमान चेकजाँच गरी स्वीकृतीका लागि पेश गर्ने ।
- भूकम्प पश्चात विद्यालयहरुको पूनर्निर्माणको लागि खरिद कार्य गर्ने ।
- खरिद गुरुयोजना बनाउने बोलपत्रका कागजात तयार गर्ने ।

**ख. योजना तथा जनशक्ति व्यवस्थापन शाखा**

- स्वीकृत दरबन्दी अनुसार कर्मचारीहरुको नियुक्ति र सरुवा
- स्वीकृत अस्थायी दरबन्दी अनुसार आवश्यक जनशक्ति करार नियुक्ति र परिचालन
- कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन सम्बन्धी कार्य
- कर्मचारीहरुको तालिम एवं क्षमता विकास सम्बन्धी कार्य गर्ने
- कर्मचारीको दण्ड र पुरस्कार सम्बन्धी
- कर्मचारीको हाजिरी र असाधारण विदा बाहेक अन्य विदा स्वीकृत तथा अभिलेखन
- कार्यालयको मूल दर्ता तथा चलानी सम्बन्धी
- जिल्लागत काज भ्रमण तथा बैदेशिक भ्रमण व्यवस्थापन सम्बन्धी
- नियमित स्टाफ बैठक सम्बन्धी
- जनशक्ति परिचालन र व्यवस्थापन सम्बन्धी
- कर्मचारीको सेवा शर्त सम्बन्धी
- मन्त्रालयले तोकेको कर्मचारी प्रशासन सम्बन्धी अन्य कार्यहरु
- आयोजना निर्देशकबाट निर्देशन भए बमोजिम अन्य कार्यहरु गर्ने गराउने
- भिसा सिफारिश सम्बन्धी कार्य
- जिन्सी व्यवस्थापन कार्य
- खरीद कार्यमा सहयोग गरी सोको व्यवस्थापन गर्ने ।
- पूनर्निर्माणका लागि आवश्यक बजेटको व्यवस्था गर्ने गराउने

- बार्षिक कार्यक्रम एवं बजेट तर्जुमाको खाका तयार गर्न प्राप्त अनुमानित बजेटलाई मध्यकालीन खर्च संरचना र प्राथमिकताको आधारमा अन्तर्गतका निकायहरुलाई निर्देशन दिने समन्वय गर्ने एवं बजेट तथा कार्यक्रम तयार गर्ने ।
- स्वीकृत बार्षिक कार्यक्रमको संशोधन तद् अनुरुपको बजेटको हेरफेर (थप बजेट तथा रकमान्तर) गर्ने गराउने ।
- पूनर्निर्माण र पुनर्स्थापनासँग सम्बन्धित तथ्याङ्कहरुको संकलन, प्रशोधन र व्यवस्थापन गर्ने
- पूनर्निर्माण सम्बन्धी निती तथा योजना तयारीका लागि सम्बन्धित सबै सरोकारवालाहरु सँग समन्वय गर्ने ।
- पूनर्निर्माण सम्बन्धी अल्पकालिन, मध्यकालिन एवं दीर्घकालीन कार्ययोजना तयारी, कार्यान्वयन, समन्वय र सम्पादित कामप्रति अनुगमन गर्ने गराउने ।
- केन्द्रीय आयोजना कार्यान्वयन इकाइ र शिक्षा विकास तथा समन्वय इकाइहरुबाट मन्त्रालयमा पेश गर्न पत्राचार गर्ने र प्राप्त भएपछी बार्षिक कार्यक्रम अनुसार जाँच गरी गराई सारांश प्रतिवेदन तयार गर्ने गराउने ।
- बार्षिक कार्यक्रम अनुसार सञ्चालन भई रहेका पूनर्निर्माण सम्बन्धी कार्यहरुको अनुगमन गर्ने (परिमाण, गुणस्तर)आदिको सम्बन्धमा आवश्यकता अनुसार सम्बन्धित प्राविधिकहरु समेत खटाई छड्केजाँच गर्ने गराउने र सोको प्रतिवेदन लिई देखिएको अवस्थाको राय सहित पेश गर्ने ।
- सञ्चालन भइरहेका कामहरुको परिमाण र गुणस्तरको सम्बन्धमा विचैमा छड्के जाँच गर्ने, गराउने र आवश्यक ठानेमा सम्पादित कामको गुणस्तरको प्रयोगशाला परीक्षण (Lab Test) समेत गर्ने गराउने ।
- आयोजना कार्यक्रम सम्पन्न भएपछि प्राप्त प्रतिवेदन तथा निरीक्षणको आधारमा प्रतिफल उपलब्धी मूल्याङ्कन गर्ने गराउने र आयोजनाहरुको प्रभाव मूल्याङकन गर्ने गराउने ।
- पूनर्निर्माण र पुनर्स्थापना सम्बन्धी कार्यहरुको कार्यसम्पादन परिसूचक तयार गरी कर्मचारीको प्रोत्साहनसँग आवद्ध गर्ने ।
- तथ्याङ्क अध्यावधिक गर्ने गराउने ।
- नीतिगत, कार्यक्रमगत वा प्रक्रियागत निर्णयका लागि राय माग भई आएमा संलग्न सान्दर्भिक दस्तावेज अध्ययन गरी राय पेश गर्ने ।
- कार्यालयको कामलाई सरल र सहज बनाउन आवश्यक पर्ने सफ्टवेयर निर्माण कार्य गराउने ।

- कार्यालयको Website तथा अन्य समाजिक सञ्जाल व्यवस्थापन सम्बन्धी कार्य गर्ने गराउने ।
- आफू अन्तर्गतका सबै कार्यालयहरुलाई सूचना सञ्जालमा जोड्ने कार्य गर्ने गराउने ।
- गैर सरकारी संस्था तथा दातृ नियकायबाट हुने कार्यको अनुगमन , सहजीकरण र समन्वय गर्ने ।
- माथिल्लो निकायमा प्रगति प्रतिवेदन तयार गरी पेश गर्ने ।

**ग. आर्थिक प्रशासन शाखा**

- केन्द्रीय आयोजना कार्यान्वयन इकाइको आम्दानी र खर्चको श्रेष्ता प्रचलित कानून बमोजिम व्यवस्थित रुपमा राख्ने, राख्न लगाउने ।
- खर्चको फाँटबारी, आर्थिक विवरण लगायत प्रचलित कानून बमोजिम तयार गर्नुपर्ने विवरण समयमै तयार गर्ने, गराउने।
- केन्द्रीय आयोजना कार्यान्वयन इकाइको आम्दानी, खर्चको आन्तारिक र अन्तिम लेखापरीक्षण समयभित्रै गराउने र अन्तर्गतका निकायहरुको लेखापरीक्षण भए नभएको अनुगमन गर्ने गराउने ।
- लेखापरीक्षणबाट प्राप्त कैफियत तथा बेरुजुहरुको फछ्र्योट गर्ने, गराउने र बेरुजु लगत तथा अभिलेख अध्यावधिक गराउन लगाउने ।
- आफू अन्तर्गतको निकायहरुको म.ले.प बेरुजुको केन्द्रीय लगत अध्यावधिक गराई राख्ने र सम्परीक्षणको अभिलेख समेत राख्ने, राख्न लगाउने ।
- समष्टिगत रुपमा बक्यौता, बेरुजु फछ्र्यौट तथा बाँकीको विवरण एवं फछ्र्यौट सहितको तालिका तयार गर्न लगाई सम्बन्धित निकायमा पठाउने ।
- बेरुजु फछ्र्योट तथा फरफारकको लागि अन्तर्गत निकायहरुलाई ताकेता गर्ने, गम्भिर बेरुजुहरुको सम्बन्धमा नियमानुसार कारबाही चलाउने
- मातहत निकायबाट बेरुजु नियमितका लागि पेश भइ सचिववाट नियमित/स्वीकृत भएको बेरुजु सम्परीक्षणका लागि सम्बन्धित निकायमा पठाउने ।
- असुल उपर गर्नुपर्ने ठहर भएको वेरुजुका सम्बन्धमा पर्याप्तथ कारबाही गर्दा पनि असुल उपर हुन नसकेमा स्पष्ट कारण खुलाई अन्तर्गत निकायबाट प्रचलित आर्थिक प्रशासन सम्बन्धी नियमावली अनुसार गर्ने/गराउने ।
- मन्त्रिपरिषदमा पेश गर्नुपर्ने भनी निर्णय भएका आर्थिक प्रशासन शाखासँग सम्बन्धित विषयको प्रस्तावको मस्यौदा तयार गरी पेश गर्ने ।

- केन्द्रीय आयोजना कार्यान्वयन इकाइ र शिक्षा विकास तथा समन्वय इकाइको चालु आर्थिक बर्षको स्वीकृत विनियोजन बजेट बमोजिम प्रचलित आर्थिक प्रशासन सम्बन्धी नियमावली अनुसार खर्च गर्ने स्रोतको विवरण खुलेको अख्तियारी तयारी गर्ने ।
- केन्द्रीय आयोजना कार्यान्वयन इकाइ र शिक्षा विकास तथा समन्वय इकाइबाट पेश भएको गत आर्थिक बर्षको राजश्व, धरौटी तथा विनियोजन बजेटको बार्षिक आर्थिक विवरण संकलन, विश्लेषण तथा एकिकृत गरी केन्द्रीय आर्थिक विवरण तयार गर्ने ।
- बजेटमा समावेश नभएका आर्थिक कारोबारहरुको विवरण लिने, कार्य सञ्चालन कोषको आर्थिक विवरक्षण, प्राविधिक सहायता, विशेष खाताको आम्दानी खर्चको विवरण लिई एकिकृत गरी महालेखा नियन्त्रकको कार्यालय र महालेखा परीक्षकको कार्यालयमा पुर्याउने ।
- प्रचलित आर्थिक प्रशासन नियमावली अनुसार बैदेशिक ऋण, अनुदान (सोधभर्ना, अग्रिम नगद सहायता, सोझै भुक्तानी, वस्तुगत सहायताको हिसाब) तयार गरी महालेख नियन्त्रकको कार्यालयमा पठाउनका लागि पेश गर्ने ।
- केन्द्रीय आयोजना कार्यानवयन इकाइ र शिक्षा विकास तथा समन्वय इकाइबाट प्रचलित आर्थिक प्रशासन नियमावली बमोजिमको भुक्तानी दिन बाँकी रहेको केन्द्रीय आर्थिक विवरण समय भित्रै महालेखा परिक्षकको कार्यालय र महालेखा नियन्त्रकको कार्यालयमा पठाउनका लागि तयार गरी पेश गर्ने ।
- प्रचलित कानूनले तोकेको आर्थिक प्रशासन सम्बन्धि अन्य कार्यहरु गर्ने, गराउने ।
- केन्द्रीय आयोजना कार्यानवयन इकाइको आर्थिक प्रशासनसँग सम्बन्धित विषयमा तोकेको अन्य कार्यहरु गर्ने, गराउने ।
- आर्थिक बर्ष शुरु हुनासाथ अर्थ मन्त्रालयबाट प्राप्त बजेट अख्तियारी एवम् बजेट पुस्तिका तथा स्रोत पुस्तिकको आधारमा खर्च गर्न, श्रोतको विवरण खुलेको बजेट अख्तियारी तयार गरी पेश गर्ने, स्वीकृत गरी दस्तखत भएपछी सम्बन्धित कार्यालयहरुमा पठाउने ।
- आफू मातहतका कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन कानून बमोजिम गर्ने, गराउने
- आर्थिक मातहतका कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन कानून बमोजिम गर्ने, गराउने ।
- बजेट अख्तियारी, थप निकाशा, रकमान्तर, श्रोतान्तर, बजेट रोक्का/फुकुवा, बजेट कार्यान्वयन आदि सम्बन्धमा महालेखा नियन्त्रकको कार्यालय/अर्थ मन्त्रालयबाट भए/गरेका निर्णयहरु कार्यान्वयन गर्ने, गराउने ।

- केन्द्रीय आयोजना कार्यानवयन इकाइ र शिक्षा विकास तथा समन्वय इकाइहरुको आर्थिक प्रशासनसँग सम्बन्धित विषयमा अनुगमन, निरीक्षण गरी गराई आर्थिक अनुशासन पालना गर्न लागाउने ।
- केन्द्रीय आयोजना कार्यानवयन इकाइ र शिक्षा विकास तथा समन्वय इकाइबाट पेश हुन आएका आगामी आर्थिक वर्षको बजेट परिमार्जन गर्नुपर्ने भए गरी/गराई एकीकृत रुपमा बजेट तयार गर्ने ।
- शाखामा रहेका उपकरण लगायतका जिन्सी सामान, अभिलेख तथा कागजातहरुको सुरक्षाको व्यवस्था मिलाउने ।

**iii. कर्मचारी विवरण र जिम्मेवारीः**

| सि.नं | पद | कर्मचारीको नाम | कार्य जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|
| १ | आयोजना निर्देशक | श्री अणप्रसाद न्यौपाने | प्रमुख, केन्द्रीय आयोजना कार्यान्वयन इकाइ | |
| २ | आयोजना उप निर्देशक | श्री सुरेश कुमार वाग्ले | विद्यालय पूनर्निर्माण शाखा | - |
| ३ | प्रमुख लेखा नियन्त्रक | श्री विनोद गेलाल | प्रमुख, आर्थिक प्रशासन शाखा | |
| ४ | उप सचिव | श्री जीवन बहादुर भण्डारी | प्रमुख, योजना तथा जनशक्ति व्यवस्थापन शाखा | |
| ५ | शाखा अधिकृत | श्री बासुदेव हुमागाँई | योजना तथा जनशक्ति व्यवस्थापन शाखा | |
| ६ | शाखा अधिकृत | श्री प्रेमप्रसाद त्रिपाठी | योजना तथा जनशक्ति व्यवस्थापन शाखा | |
| ७ | लेखा अधिकृत | श्री रामकृष्ण घिमिरे | आर्थिक प्रशासन शाखा | |
| ८ | इन्जिनियर | श्री अशोक अधिकारी | विद्यालय पूनर्निर्माण शाखा | |
| ९ | इन्जिनियर | श्री पविन धिताल | विद्यालय पूनर्निर्माण शाखा | |
| १० | इन्जिनियर | श्री विष्णु प्रसाद पौडेल | विद्यालय पूनर्निर्माण शाखा | |
| ११ | इन्जिनियर | श्री सुरज पराजुली | विद्यालय पूनर्निर्माण शाखा | |
| १२ | इन्जिनियर | श्री तेज मानन्धर | विद्यालय पूनर्निर्माण शाखा | |
| १३ | इन्जिनियर | श्री रंजित कुमार सिंह | विद्यालय पूनर्निर्माण शाखा | |
| १४ | नायब सुब्बा | श्री कृतनराज बराल | स्टोर | |
| १५ | लेखापाल | श्री बोलकुमार स्याङ्तान | आर्थिक प्रशासन शाखा | |
| १६ | कम्प्युटर अपरेटर | श्री भोजराज पाण्डेय | योजना तथा जनशक्ति व्यवस्थापन शाखा | |
| १७ | कम्प्युटर अपरेटर | श्री प्रतिष्ठा भट्टराई | पि. ए., आयोजना निर्देशक | |
| १८ | कम्प्युटर अपरेटर | श्री रविराज हाकाजु | योजना तथा जनशक्ति व्यवस्थापन+आर्थिक प्रशासन शाखा | |
| १९ | कम्प्युटर अपरेटर | श्री अर्जुन भुसाल | आर्थिक प्रशासन शाखा | |
| २० | कम्प्युटर अपरेटर | श्री ममिता खतिवडा | विद्यालय पूनर्निर्माण शाखा | |

| सि.नं | पद | कर्मचारीको नाम | कार्य जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|
| २१ | ह.स.चा | श्री केदार तिमिल्सिना | आयोजना निर्देशक | |
| २२ | ह.स.चा | श्री भोज थापामगर | आयोजना उपनिर्देशक | |
| २३ | ह.स.चा | श्री रामहरि थापामगर | विद्यालय पूनर्निर्माण शाखा | |
| २४ | ह.स.चा | श्री राजकुमार घलान | लेखा अधिकृत/आर्थिक प्रशासन शाखा | |
| २५ | का.स. | श्री भक्त कुमारी तामाङ | | |
| २६ | का.स. | श्री हेम माया जिरेल | | |
| २७ | का.स. | श्री कमल थापामगर | | |
| २८ | का.स. | श्री कल्पना रेग्मी | | |
| २९ | पालो पहरा | श्री प्रेम ब. नेपाली | | |

**४. प्रदान गरिने सेवाः**

- भौतिक पूर्वाधार विकास गर्नुपर्ने विद्यालयहरुको ड्रइङ डिजाइन तयारी सम्वन्धी कार्य ।
- २००० भन्दा वढि विद्यार्थी भएका विद्यालयहरुको छनोट र पूर्वाधार निर्माणको कार्य ।
- वि.स.२०७२ को गोरखा भूकम्पबाट क्षतिग्रस्त सामुदायिक विद्यालयहरुको दाताहरुसँगको सम्झौता अनुसारको बाँकी पूर्ननिर्माण कार्य ।
- वि.स.२०८० को जाजरकोट तथा बझाङ भूकम्पबाट क्षतिग्रस्त सामुदायिक विद्यालयको पूर्ननिर्माण कार्य ।
- वि.स.२०७२ को गोरखा भूकम्पबाट क्षतिग्रस्त त्रिविविका ३९ बटा आङ्गिक क्याम्पसको पूनर्निर्माण कार्य ।

**५. सेवा प्राप्त गर्न लाग्ने दस्तुरः** स्वीकृत लागत अनुमानको आधारमा वोलपत्र खरिदका लागि सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको व्यवस्था अनुसारको तोकिएको रकम। कार्यालयको सूचनाका सम्बन्धमा सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ ले तोकेको दस्तुर र अवधि भित्र र अन्यका हकमा नागरिक बडापत्रमा तोके बमोजिम हुने ।

**६. निर्णय गर्ने प्रक्रिया र अधिकारीः** कामको प्रकृति र शाखाको कार्यविवरण अनुसार जिम्मेवारी तोकीएको अधिकारीबाट कार्य प्रक्रिया अगाडि बढाउने र कार्यालयबाट टुङ्गिने विषयको हकमा परियोजना निर्देशकबाट अन्तिम निर्णय हुने र थप निर्णय गर्नुपर्नेको हकमा मन्त्रालयमा पेश हुने ।

**७. निर्णय उपर गुनासो सुन्ने अधिकारीः** अणप्रसाद न्यौपाने, परियोजना निर्देशक

## ८. सम्पादन गरेका मुख्य मुख्य कार्यहरुः

**चालु आवको माघ देखि चैत्र मसान्तसम्म सम्पादित मुख्य मुख्य कार्यहरुः**

- पूनर्निर्माण भएका विद्यालयहरुको भौतिक पूर्वाधार एवम् मर्मत सम्भार सम्बन्धी व्यवस्थापन कार्यको अनुभव आदान प्रदान गर्ने उदेश्यले विद्यालय व्यवस्थापन समिति अध्यक्ष, विव्यस, महिला सदस्य, प्र.अ.को सहभागितामा पोखरा, चितवन र काभ्रेपलान्चोकमा अनुभव आदान प्रदान कार्यक्रम सञ्चालन भएको ।
- दुईहजार भन्दाबढी विद्यार्थी भएका विद्यालयहरुको भौतिक पूर्वाधार विकास सम्बन्धी कार्यविधि स्वीकृत भएको ।
- दुई हजार भन्दा बढी विद्यार्थी संख्या भएका देशभरका ११३ वटा विद्यायहरुमध्ये ४५ वटा स्थलगत सर्वेक्षणको काम सम्पन्न गरी २७ वटा विद्यालय निर्माणका लागि छनोटको काम सम्पन्न भएको ।
- २०७२ को भूकम्पले शिक्षणमा पारेको प्रभावको अध्ययन सम्बन्धमा खरिदको कार्य आगाडी बढाइएकोमा प्रस्ताव पेश गर्ने मध्ये कुनै पनि प्रस्ताव तोकिएको मापदण्ड पूरा नगरेकाले पुनः खरिदको प्रक्रियामा आगाडि बढाउन तयारी भएको ।
- साउदी फन्ड अन्तर्गत निर्माणाधीन एक विद्यालयको विद्यालय भवनको काम सम्पन्न भइ शौचालयको काम अन्तिम चरणमा रहेको ।
- परियोजना बैंकमा आवश्यक परियोजना प्रविष्टका लागि परियोजना पहिचान गरी मन्त्रालयमा प्रेषित गरिएको ।
- आगामी आव ०८१/०८२ को प्रस्तावित बजेट तयार गरी मन्त्रालयमा पेश गरिएको।
- आव २०८१/८२- २०८३/८४ को लागि इकाइको मध्यमकालिन खर्च संरचना तयार गरी मन्त्रालयमा पेश गरिएको ।
- ESRP तर्फका २७४ विद्यालयहरुको निर्माण सम्पन्न भई हस्तान्तरण सम्पन्न भएको ।
- जाजरकोट भूकम्पबाट क्षतिग्रस्त जाजरकोट र रुकुम पश्चिमका विद्यालयहरुको पूनर्निर्माणका लागि एडिबी र जाइकाबाट विस्तृत स्थलगत सर्वेक्षणको काम भइरहेकोमा जाइकाबाट ३६ र एडिबीबाट ६५ वटा विद्यालय गरी १०१ बटा विद्यालयको विस्तृत सर्वेक्षणको काम सम्पन्न सम्बन्धी अद्यावधिक पुस्तिका तयार गरिएको ।
- भारतीय सरकारको अनुदान सहयोगमा निर्माण सम्पन्न भएका ७१ विद्यालय र १ पुस्तकालयको मध्ये हस्तान्तरण कार्य सम्पन्न भएको ।
- DRSP बाट विद्यालय सबलीकरण अन्तर्गतको १४३ निर्माण सम्पन्न गरी हस्तान्तरण हुन बाँकी मध्ये थप १४ वटा हस्तान्तरण कार्य सम्पन्न भएको ।

- DRSP Recon. १ र २ अन्तर्गत क्रमशः ६६ र १०६ विद्यालयको निर्माण सम्पन्न गरी हस्तान्तरण हुन बाँकी मध्ये थप १३ वटाको हस्तान्तरण कार्य सम्पन्न भएको ।
- ICT को बोलपत्र मूल्याङ्कन गरी सहमतिका लागि ADB मा पठाइएको।
- चिनियाँ सरकारबाट टर्न की परियोजना अन्तर्गत रसुवा जिल्लाका २ विद्यालयहरुको हस्तान्तरण सम्पन्न भएको ।

**९. सूचना अधिकारीको नाम र पदः** जिवन बहादुर भण्डारी, उपसचिव (शिक्षा)

**१०. निर्मित कार्यविधि, निर्देशिका मापदण्डः**

- विद्यालय पूनर्निर्माण कार्यविधि (पहिलो संसोधन, २०७५)
- विद्यालय संरचनात्मक डिजाइन मापदण्ड
- स्कूल डिजाइन दिशा निर्देशन
- दुई हजार भन्दा वढि विद्यार्थी भएका विद्यालयहरुको भौतिक पूर्वाधार विकास कार्यविधि, २०८०

**११. आम्दानी र खर्चको अद्यावधिक विवरणः**

चालु आव २०८०/८१ मा चालु तर्फ रु ७ करोड ४३ लाख र पूँजिगत तर्फ रु ४ अर्व ८८ करोड ६० लाख गरी जम्मा रु ४ अर्व ९६ करोड ३ लाख बजेट विनियोजन स्वीकृत भएकोमा चालु आवको चैत्र मसान्त सम्म चालु तर्फ रु ३ करोड १२ लाख ८८ हजार र पूँजिगत तर्फ रु १ अर्व १३ करोड ८८ लाख ८५ हजार गरी जम्मा रु एक अर्व सत्र करोड एक लाख सत्र हजार खर्च भएको छ ।

**१२. सुचनाको लागि वेभ साइटः** https://www.moepiu.gov.np

**१३. सूचना प्रकाशन भएको विवरणः**

- पूनर्निर्माण गर्नका लागि कार्यक्षेत्र विस्तार भएका १५ जिल्लाहरुको विवरण
- भूकम्पपछिको पूनर्निर्माणले शिक्षणमा पारेको प्रभाव सम्बन्धी अध्ययन सम्बन्धी सूचना

**१४. सूचना माग सम्बन्धी विवरणः** विवरण प्राप्त नभएको

**१५. सूचना माग र प्रवाहको अभिलेखः**

| क्रस | सूचना माग गरेको व्यक्तिको नाम थर र ठेगाना | माग भएको सूचनाको विवरण | सूचना दिएको मिति | सूचना उपलब्ध गराएको तह (कार्यालय प्रमुख वा सूचना अधिकारी) | सूचना नदिएको भएमा सोको कारण | सूचना प्रदान गरिएको तरिका | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | सूचना माग नभएको |